फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : १ संख्या : १५ मितिः २०७५/०६/२१

**भाग-१**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाको कर ऐन, २०७५

सभाबाट पारित मितिः २०७५/०२/२४

प्रस्तावना,

प्रजातान्त्रिक अभ्यासलाई तल्लो तहबाट नै उपयोग गर्न राज्य सञ्चालनको तल्लो तहको रुपमा नेपालको संविधानले स्थानीय तहको व्यवस्था गरी स्थानीय तहको काम, कर्तव्य र अधिकार समेतको व्यवस्था गरेको छ, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई स्थानीय स्तरमा कर संकलन गर्ने अधिकार प्रक्षेपण गरेको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ बमोजिम तोकिएको काम, कर्तव्य र अधिकार तथा सोही ऐनको परिच्छेद ९ बमोजिमको वित्तीय अधिकार क्षेत्रको कार्यान्वयन गर्न फलेवास नगरपालिकाले लगाउने कर संकलन, परिचालन तथा व्यवस्थापन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी यो ऐन तयार पारी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम फलेवास नगरपालिको “कर ऐन, २०७५” रहेको छ।

(२) यस ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “आर्थिक ऐन” भन्नाले नगरपालिकाले बार्षिक रुपमा स्वीकृत गर्ने आर्थिक ऐन सम्झनु पर्छ।

(ख) “उपप्रमुख” भन्नाले फलेवास नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) “ऐन” भन्नाले फलेवास नगरपालिकाको कर ऐन, २०७५ सम्झनु पर्छ।

(घ) “कर अधिकृत” भन्नाले नगरपालिकाले नियुक्त गरेको कर अधिकृतलाई सम्झनु पर्छ , र यो शब्दले कर शाखा प्रमुखलाई समेत जनाउने छ।

(ङ) “कार्यालय” भन्नाले फलेवास नगरपालिका, नगरकार्यपालिकाको नगरकार्यालय सम्झनु पर्छ।

(च) “तोकिए” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) “नगरपालिका” भन्नाले फलेवास नगरपालिका सम्झनु पर्दछ र यो शब्दले नगर कार्यपालिकालाई समेत जनाउनेछ।

(ज) “नगर सभा” भन्नाले फलेवास नगरपालिकाको नगर सभा सम्झनु पर्छ।

(झ) “प्रमुख” भन्नाले फलेवास नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ट) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

**३. उद्देश्यः** यस ऐनको उद्देश्य देहाय अनुसार रहेको छ।

(१). स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ नौ बमोजिम नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको दरमा कर लगाउनु।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ नौ बमोजिम गरिएको व्यवस्थामा सरलीकृत गरी कर संकलन तथा त्यसको व्यवस्थापनलाई सरलीकृत गर्नु।

## परिच्छेद - २

## एकिकृत सम्पति कर

४. **सम्पत्ति करः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउनेछ ।

५. **एकिकृत सम्पति करः** १. नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको घर र जग्गामा लाग्ने करलाई एकिकृत सम्पति करको रुपमा असुल उपर गर्नेछ ।

६. **एकीकृत सम्पति करको दर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पति करको न्यूनतम तथा अधिकतम दर आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पति कर प्रयोजनका लागि प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरण छुट्टा छुट्टै रुपमा तोकिए बमोजिमको फारममा संकलन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कर लगाउने प्रयोजनको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकतानुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरण छुट्टा छुट्टै लगत तोकिए बमोजिम तयार गर्नु पर्नेछ ।

७. **सम्पतिको मुल्यांकन :**

(१) दफा ६ को उपदफा (३) बमोजिमको विवरण तयार भएपछि जग्गा तथा संरचनाको मूल्याङ्कनका लागि नगर कार्यपालिकाले आवश्यक ठानेमा दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको कार्याविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) एकीकृत सम्पति कर लगाउन योग्य मूल्य निर्धारण गर्दा देहायका आधारमा गरिने छ :-

(क) एकीकृत सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ख) भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने,

(ग) खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा तोकिए बमोजिम गर्ने,

(घ) जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन गर्दा अनुसूची-२ मा उल्लेख भएको वर्गीकरणको आधारमा तोकिए बमोजिम मूल्य निर्धारण गर्ने,

(ङ) भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने ।

(४) एकीकृत सम्पत्तिमा कर लगाउने प्रयोजनको लागि एकीकृत सम्पत्तिको मूल्याङ्कन गर्ने फारामको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम एकीकृत सम्पत्तिको मूल्याङ्कन सिफारिश भइसकेपछि नगर कार्यपालिकाले एकीकृत सम्पतिको मूल्याङ्कन दर निर्धारण गरि सक्नु पर्नेछ ।

**८. करको दर प्रकाशन :**

(१) दफा ७ को उपदफा (५) बमोजिम नगर कार्यपालिकाबाट निर्धारित मूल्याङ्कन र त्यसमा लाग्ने नगर सभाबाट निर्धारित करको दर सर्वसाधारणको जानकारीका लागि तोकिए बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित एकीकृत सम्पत्तिको मूल्यमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र पुनः मूल्याङ्कनका लागि नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (३) बमोजिम पर्न आएको निवेदन उपर नगर कार्यपालिकाले एक महिनाभित्र पुनः मूल्याङ्कनको कारबाही गरी टुङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**९. बिल पठाउन सक्ने :**

(१) एकिकृत सम्पति करका लागि कायम गरिएको कर योग्य सम्पतिको मूल्याङ्कन र सो बमोजिम लागेको एकीकृत सम्पत्ति कर भुक्तानीको लागि नगरपालिकाले सम्बन्धित करदाता समक्ष बिल पठाउने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विल पठाउने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१०. कर, शुल्क वा दस्तुर नलगाईने**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (६३) बमोजिमको बिषयमा कर, शुल्क वा दस्तुर लगाईने छैन ।

## परिच्छेद - ३

## व्यवसाय कर

**११. व्यवसाय साधन करः**

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाई असूल गर्न सक्नेछ ।

२. व्यावसायिक भिडियो करः  नगरपालिकाले कुनै व्यक्ति वा संस्थाले व्यावसायिक प्रयोजनका लागि प्रयोगमा ल्याएको भिडियो, प्रोजेक्टर, केबुल आदिमा आर्थिक ऐनमा तोकिएबमोजिम कर लगाउन सक्नेछ ।

३. ब्यवसाय करको दर : उपदफा (१) र (२) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने ब्यवसाय करको न्यूनतम तथा अधिकतम दर आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ

## परिच्छेद - ४

## घर जग्गा बहाल कर

**१२. बहाल करः**

१. नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर) कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले बहाल रकममा बहाल कर असुल गर्नेछ ।

२. नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएका अस्थायी पसलहरूमा बहाल बिटौरी कर लगाउन सक्नेछ ।

तर सार्वजनिक आवागमन र सर-सफाइमा बाधा पुग्ने गरी वा स्थायी पसल निर्माण गर्न दिइने छैन ।

३. बहाल करको दरः  नगरपालिकाले लगाउन सक्ने बहाल करको अधिकतम दर आर्थिक ऐनले व्यवस्था गरे बमोजिम हुनेछ ।

४. बहाल करको लागि तथ्यांक व्यवस्थापन तथा कर लागु गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## अन्य कर

**१३. जडीबुटी, कवाडी र जीवजन्तु कर :**

१. नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छालावा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउनेछ ।

२. उपदफा (१) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडीबुटी, कवाडी र जीवजन्तु करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**१४. सवारी कर:**

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सवारीमा सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा पटके सवारी कर लगाउन सक्नेछ ।

२. सवारी करको दर : नगरपालिकाले आफ्नो क्षेत्रभित्र विभिन्न प्रकारका सवारीमा लगाउन सक्ने सवारी करको दर आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. विज्ञापन कर:**

१. नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ ।

२. उपदफा (१) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## सेवा शुल्क

**१६. पार्किङ्ग् शुल्क तथा दस्तुर:**

१. नगरपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

२. नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ्ग शुल्कको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**१७. सेवा शुल्क तथा दस्तुर:**

(१) कुनै नगरपालिकाले खानेपानी, बिजुली, धारा, सार्वजनिक टेलिफोन र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन सक्नेछ ।

(२) नगरपालिकाले नगर क्षेत्रमा फोहर मैला व्यवस्थापन, सरसफाइ, ढल निकास आदि सुविधा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन सक्नेछ ।

(३) नगरपालिकाले बनाएका वा सन्चालन गरेका संग्रहालय, शौचालय, पार्क, स्नानगृह, स्वीमिङ्गपुल, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, होष्टेल, हाट बजार, पशु बधशाला, शव दाह व्यवस्था, धोवीघाट र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत सो उपभोग गर्ने व्यक्तिबाट सेवा शुल्क लिन सक्नेछ ।

(४) उपदफा (१), (२) वा (३) मा उल्लेख भएबमोजिमका सुविधाहरू उपलब्ध गराउने र सो बापत लाग्ने सेवा शुल्क उठाउने काम नगरपालिकाले निजी क्षेत्र मार्फत वा निजी क्षेत्रलाई समेत सहभागी गराई गर्न सक्नेछ ।

(५) नगरपालिकाले निर्माण गरेको सडक, ढल, पुल, पेटी, चोक, गल्ली, नाली, बत्ती आदि मर्मत सुधार गर्न लाग्ने खर्च निर्धारण गरी सम्बन्धित उपभोक्ताहरूबाट वार्षिक रूपमा सेवा शुल्क असुल गर्न सक्नेछ ।

(६) नगरपालिकाले कसैको अचल सम्पत्ति मूल्यांङ्कन गर्दा आर्थिक ऐनमा तोकिएबमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

(७) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आर्थिक ऐनमा तोकिएको दरमा बक्सौनी तथा सिफारिस दस्तुर लगाउन सक्नेछ ।

१८. **अचल सम्पत्ति मूल्याङ्कन सेवा शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने अचल सम्पत्तिको मूल्याङ्कन गर्दा आर्थिक ऐनमा तोकिए बमोजिम सेवा शुल्क लगाउन सक्नेछ । अचल सम्पत्ति मूल्याङ्कन गर्न नगरपालिकाले आवश्यकतानुसार विशेषज्ञ समेत रहेको कार्यटोली गठन गर्न सक्नेछ ।

## परिच्छेद - ७

## विविध

१९. **ऐन, नियम विपरित कर, दस्तुर, शुल्क वा महसूल लिन नपाउने:** नगरपालिकाले यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरू विपरित कुनै पनि प्रकारको कर, दस्तुर, शुल्क वा महसूल उठाउन पाउनेछैन ।

२०. **कर, दस्तुर, शुल्क, महसूल आदि छुट:**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, वैदेशिक कुटनैतिक नियोग वा एजेन्सी तथा लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थालाई नगरपालिकाकाले सेवा उपलब्ध गराएबापत लाग्ने सेवा शुल्क बाहेक अन्य कर दस्तुर, शुल्क महसूल लगाउन पाउने छैन ।

तर त्यस्तो छुट नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान वा संघ संस्थाको व्यापारिक कारोबारलाई प्राप्त हुने छैन ।

(२) विदेशी ऋृण वा सहायताबाट संचालित परियोजनाको लागि नेपाल सरकार वा कुनै विकास समितिले पैठारी गरेको माल सामानमा नगरपालिकाले कुनै कर, दस्तुर, शुल्क, महसूल लगाउन पाउने छैन ।

२१. **ऋृण लिन सक्ने :** नगरपालिकाले नगर परिषद्बाट स्वीकृत नीति अनुसार आफ्नो हक भोगको सम्पत्ति धितो राखी वा नराखी वा नेपाल सरकारको जमानीमा बैंक वा अन्य कुनै संघ संस्थाबाट ऋृण सापटी लिन सक्नेछ ।

२२. **काम कारबाही बदर नहुने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनले नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने कार्य नगरपालिकाले गरे गरएमा यस कानुनमा उल्लेख नभकै आधारमा मात्र नगरपालिकाबाट भए गरेका कुनैपनि काम कारबाही बदर हुने छैन । साथै हालसम्म एकिकृत कर संकलन सम्बन्धि यस अगाडि भएका कार्यहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

२३. **कार्यपालिकाले अधिकार प्रयोग गर्ने** : यस ऐनमा सभाले गर्ने भनि स्पष्ट व्यवस्था भएकोमा बाहेक नगरपालिकाबाट सम्पादन हुने काम कारबाही कार्यपालिकाले गर्नेछ ।

२४. **सेवा सुविधा :** राजश्व संकलन तथा व्यवस्थापन संवन्धि कार्यमा संलग्न कर्मचारीहरुको लागि अतिरिक्त सेवा सुविधाको व्यवस्था गरिनेछ ।

२५. **नियम बनाउने अधिकार :** यस ऐनको कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२६. **यस ऐन बमोजिम हुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ ।

२७. **खारेजी र बचाउ** : यस अघि नगरपालिकाबाट कर, दस्तुर, शुल्क संकलन सम्बन्धमा भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसुचि १

दफा ६ को उपदफा १ सँग सम्बन्धित

एकिकृत सम्पति करको दर आर्थिक ऐनले तोकिए बमोजिम हुनेछ ।

अनुसुचि-२

दफा ७ को उपदफा ३ घ  सँग सम्बन्धित

क. घरको वर्गिकरण

१. भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसवेस्टसको टाना भएको घर ।

२. भित्र बाहिर पाको ईटा वाढुंगामा माटोको जोडाई भई भित्र बाहिर सिमेण्ट प्लाष्टर गरी छाना ढलान (आर. सि. सि.) वा (आर.वि.सि.) गरिएको वा जस्ता, टालय, झिंगटी वा एसवेस्टसको छाना भएको घर ।

३. भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेण्ट प्लाष्टर गरी छाना ढलान (आर. सि. सि. वा आर. वि. सि.) गरिएको घर ।

४. आर. सि. सि. फ्रेमस्ट्रक्चरमा लिफ्ट/एस्कलेटर जडान भएको घर ।

५. स्टील फ्रेम स्ट्रक्चर, फ्रविडट्रस, फाइवर वा यस्तै संरचना ।

**घरको मुल्यांकन**

| घरको बनोट | औसत लागत दर प्रति वर्ग फुट | प्रतिबर्ष टुटफुट कट्टी दर प्रतिशत | कट्टी गर्ने जम्मा बर्ष |
|---|---|---|---|
| भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसवेस्टसको टाना भएको घर । | रु.४५० | ३ तिन | २५ |
| भित्र बाहिर पाको ईटा वाढुंगामा माटोको जोडाई भई भित्र बाहिर सिमेण्ट प्लाष्टर गरी छाना ढलान (आर. सि. सि.) वा (आर.वि.सि.) गरिएको वा जस्ता, टालय, झिंगटी वा एसवेस्टसको छाना भएको घर । | रु.५२५ | २ दुई | ३० |
| भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेण्ट प्लाष्टर गरी छाना ढलान (आर. सि. सि. वा आर.वि.सि.) गरिएको घर । | रु.८०० | १ एक | ७० |
| आर. सि. सि. फ्रेमस्ट्रक्चरमा लिफ्ट/एस्कलेटर जडान भएको घर । | रु.१३०० | ०.७५ शुन्य दशमलव सात पाँच | १०० |
| स्टील फ्रेम स्ट्रक्चर, फ्रविडट्रस, फाइवर वा यस्तै संरचना । | रु.१२०० | ०.७५ शुन्य दशमलव सात पाँच | १०० |

आज्ञाले,

मोतीराम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत